# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## खसी, बोका, बाख्रा संकलन केन्द्र संचालन गर्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

**(सूचना नं. ६२/२०८०-०८१, मिति: २०८०/११/०३)**

हेफर प्रोजेक्ट नेपालले जोरायल गाउँपालिकाको समन्वय र स्वीकृतीमा यस पालिकामा संचालन गर्ने GRAPE परियोजना अन्तर्गत "Budling Resilience Through Climate-Resilient livestock Farming In Western Nepal" मा प्रस्तावित जलवायु-उत्थानशील पशुपालनका क्रियाकलापहरु मध्ये कृषकहरुले उत्पादन गरेका खसी, बोका, बाख्राहरुको दिगो बजारीकरणको लागि हेफर प्रोजेक्ट नेपालको सहयोगमा संकलन केन्द्र स्थापना गर्ने भएकोले जोरायल गाउँपालिकामा रहेका खसी, बोका, बाख्रा संकलन केन्द्र संचालन गर्न इच्छुक कृषक समूह/सहकारीहरु मध्येबाट ७ दिन भित्र यस गाउँपालिकामा रीतपुर्वक प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) आवश्यक न्यूनतम मापदण्डहरु:**

१) जोरायल गाउँपालिका भित्र पर्ने खसी, बोका, बाख्रा खरिद बिक्री गरीरहेको कृषि तथा पशुपालन सम्बन्धी कृषक समूह/सहकारी संस्था हुनु पर्नेछ।
२) जोरायल गाउँपालिका भित्र पर्ने धनगढी-डडेलधुरा सडक खण्डमा पर्ने खसी, बोका, बाख्रा सजिलैसँग ढुवानी गर्न सक्ने स्थान भएको हुनु पर्ने।
३) आफ्नै जग्गा भएको वा १० बर्ष भन्दा बढी समयको लागि भाडामा लिएको जग्गा भएको कृषक समूह/कृषि सहकारी संस्था हुनु पर्नेछ।
४) संकलन केन्द्रको लागि आवश्यक कर्मचारी, निजको लागि आवास र शौचालय पानी बत्तिको व्यवस्था गर्न सक्ने हुनु पर्नेछ।
५) दीगो रुपमा खसी, बोका, बाख्रा संकलन गरी बजारीकरण गर्न सक्ने प्रतिवद्धता हुनु पर्नेछ।

**(ख) प्रस्ताव पेश गर्ने विधि:**

प्रस्तावकले तोकिए बमोजिम कागजात सहित जोरायल गाउँपालिकामा प्रस्ताव पेश गर्न सकिनेछ।

**(ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२) जग्गा धनि पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको कानूनी सम्झौता पत्र।
३) कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
४) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५) स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि।
६) प्रतिवद्धता पत्र।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**(घ) दरखास्त दिने अन्तिम मिति:** २०८०।११।१० गते कार्यालय समय भित्र दरखास्त पेश गरी सक्नु पर्नेछ। यदि सो दिन सार्वजनिक विदा परेमा त्यस लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय खुल्ने समय भित्र।

**नोट:- रीत नपुगेका वा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।**